नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०८०/०५/०८ गते।

# प्रेस विज्ञप्ति

बिभिन्न गिरोहले अबैध रुपमा भन्सार छली ल्याएको सुन प्रकरणका सम्बन्धमा केहिदिन यता बिभिन्न सञ्चार माध्यममा प्रकाशित तथा प्रसारित भएको समाचारका सम्बन्धमा यस केन्द्रिय अनुसन्धान व्यूरोको ध्यानाकर्षण भएको छ।

एक महिना अगाडी भन्सार छली ल्याईएको सुनको सुक्ष्म रुपमा यस व्यूरोले अनुसन्धान गरिरहेको व्यहोरा सर्वविदितै छ। यस भन्दा अगाडी बिभिन्न मितिमा भएका सुन तस्करी प्रकरणका सम्बन्धमा समेत यस केन्द्रिय अनुसन्धान व्यूरोबाट सुक्ष्म रुपमा अनुसन्धान भईरहेको छ। सो सम्बन्धमा कसै संग केही सुचना, तथ्य वा प्रमाण भएमा यस व्यूरोको इमेल ठेगाना cib@nepalpolice.gov.np मा पठाई सहयोग गर्नु हुन वा यस व्यूरोका सुचना अधिकारीको सम्पर्क नम्बर ९८५१२९१३११ मा समेत सम्पर्क राख्न अनुरोध गर्दछौ।

साथै सो सम्बन्धमा भएका सुचना, तथ्य वा प्रमाण यस कार्यालयमा प्रत्यक्ष रुपमा आई उपलब्ध गराउन सकिने छ। यसरी प्राप्त भएको जानकारी वा सुचनाको श्रोत गोप्य रहने कुरा सबैमा जानकारी गराउन चाहन्छौ। आम-नागरीकको साथ सहयोग र सहकार्य बाट अपराध अनुसन्धान सत्य र तथ्यमा पुग्ने हुँदा सो कार्यमा सकारात्मक सहयोगको अपेक्षा गर्दछौ।

**प्रवक्ता तथा सूचना अधिकारी**
**(नवराज अधिकारी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क: ९८५१२९१३११**